## वस्तुगत प्रश्नोत्तर

१. **कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापना कहिले भएको हो ?**
✍ वि.सं. २०७८ असोज १२
- कसुरजन्य सम्पत्तिको व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ गृह मन्त्रालयअन्तर्गत रहने गरी सो विभाग गठन भएको ।
- यसअघि अदालतले नै यससम्बन्धी कार्य गर्दै आएको ।
- कसुरजन्य सम्पत्तिको व्यवस्थापनका लागि वि.सं. २०७० मा संसद्बाट ऐन पास भएको साथै करिब सात महिनाअघि नियमावली बनिसकेको । त्यस्तै वि.सं. २०७७ साउन १५ मा कसुरजन्य सम्पत्ति व्यवस्थापन एकाइ गठन गरिएको थियो ।
- विभागले अपराधमा प्रयोग भएका तथा लुकाइएका र अदालतले जफत गर्न फैसला गरेका सम्पत्तिको समेत खोजी गरी नियन्त्रणमा लिनसक्ने ।
- नियन्त्रणमा लिइएका सम्पत्ति बिग्रने अवस्था भएमा अदालतको आदेश लिएर सरकारले बिक्री–वितरणसमेत गर्न सक्ने । साथै रोक्का राखिएको तथा नियन्त्रणमा लिइएको सम्पत्ति तथा साधनबाट आयस्ता हुने देखिएमा इच्छुक व्यक्ति तथा संस्थासँग सरकारी सम्पत्ति लिजमा दिनेसम्बन्धी कानुनअनुसार लिजमा दिन सक्ने ।
- अदालतको आदेशअनुसार धरौटी लिने र अन्तिम फैसलापछि फिर्ता गर्ने काम पनि विभागकै हुने ।
- कसुरजन्य सम्पत्ति लिलाम बिक्री गर्ने अधिकार पनि विभागलाई रहेको । यसका लागि विभागको महानिर्देशकको नेतृत्वमा पाँच सदस्यीय मूल्याङ्कन समिति गठन हुने प्रावधान रहेको ।

२. **ग्लोबल बिजनेस आउटलुक अवार्ड २०२१ अन्तर्गत 'सोसियल कन्ट्रिब्युसन अवार्ड क्राइसिस रेस्पोन्स अवार्ड' प्राप्त गर्ने नेपाली सञ्चार क्षेत्रको कम्पनी कुन हो ?**
✍ एनसेल

३. **मोबाइल एप्स, कम्प्युटर सफ्टवेयरलगायतका डिजिटल उत्पादनमा रहेका 'बग' अर्थात् सुरक्षा कमजोरी पत्ता लगाउन र ठूलो क्षतिबाट बच्न कम्पनीहरूले सञ्चालन गर्ने प्रोग्रामलाई के भनी चिनिन्छ ?**
✍ बग बाउन्टी प्रोग्राम
- कमजोरी पत्ता लगाउन ती कम्पनीले बग बाउन्टी प्रतियोगिता राख्ने गर्छन् र त्यसका लागि निमन्त्रणा दिने गर्छन् ।
- यस कार्यमा साइबर सुरक्षामा दिग्गज इथिकल ह्याकरदेखि भर्खर यस क्षेत्रमा रुचि राख्ने जोसुकैले सहभागिता जनाउन सक्छन् ।
- यसरी डिजिटल उत्पादनमा रहेका छिद्र वा कमजोरी भेटिएमा त्यस कम्पनीलाई खबर गरिन्छ र त्यस्तो कमजोरी भेट्टाउने पहिलो व्यक्ति बन्न सक्नेलाई सो कम्पनीले घोषणा गरेको रकम प्रदान गर्छ, जसलाई 'बग बाउन्टी रिवार्ड' भनिन्छ ।
- गुगल, फेसबुक, माइक्रोसफ्टलगायतका टेक कम्पनीहरूले नियमित रूपमा यस्तो प्रोग्राम सञ्चालन गर्ने गर्छन् ।

४. **'स्मार्ट गोरखापत्र–२०१८'को औपचारिक शुभारम्भ कहिले गरिएको हो ?**
✍ वि.सं. २०७४ फागुन २

५. **सरकारले उपभोक्ताको स्वास्थ्यमा हुने गरेको विभिन्न समस्यालाई ध्यान दिँदै दूधमा कति प्रकारको मापदण्ड निर्धारण गरेको छ ?**
✍ चार
- प्रशोधित दूधको पूर्ण फ्याटयुक्त, कम फ्याटयुक्त, फ्याटरहित र सुगन्धित गरी चार प्रकारका मापदण्ड कार्यान्वयनमा ल्याइएको । यसअघि पाश्चराइज्ड दूधको मात्रै मापदण्ड कार्यान्वयनमा रहेको ।
- मापदण्डअनुसार पूर्ण फ्याटयुक्त दूधमा फ्याट कम्तीमा ५ प्रतिशत र चिल्लोबाहेक ठोसको मात्रा घटीमा ८ प्रतिशत, कोलिफर्मको उपस्थिति शून्य र जीवाणुरहित हुनुपर्ने, कम फ्याटयुक्त प्रशोधित दूधमा फ्याट कम्तीमा १.५ प्रतिशत र फ्याटबाहेक ठोस दूधको मात्रा ८ प्रतिशत, कोलिफर्म शून्य र जीवाणुरहित, फ्याटरहित प्रशोधित दूधको हकमा फ्याटको मात्रा बढीमा ०.५ प्रतिशत र फ्याटबाहेकको ठोसको मात्रा ८ प्रतिशत, कोलिफर्मको उपस्थिति शून्य र जीवाणुरहित तथा प्रशोधित सुगन्धित दूधको हकमा दूध वा दुग्धजन्य पदार्थ वा दुवैको मिश्रणमा चिनी र अन्य खानयोग्य सुगन्धित खाद्यपदार्थ (नट्सको टुक्रा र धुलो, चक्लेट आदि) मिसाई बनाएको दूध समावेश गरिएको ।

६. **विश्वकै ठूलो नोबल पुरस्कार कहिलेदेखि प्रदान गर्न थालिएको हो ?**
✍ सन् १९०१
- अर्थशास्त्रतर्फको नोबल पुरस्कार भने सन् १९६८ देखि दिन थालिएको ।
- नोबल शान्ति पुरस्कार नर्वेको राजधानी ओस्लोमा दिइन्छ भने अन्य विधाका पुरस्कार स्विडेनको राजधानी स्टकहोममा प्रदान गरिन्छ ।
- यो पुरस्कार संयुक्त रूपमा तीन जनासम्मले पाउन सक्ने ।

७. **विश्व अहिंसा दिवस कहिले मनाउने गरिन्छ ?**
✍ अक्टोबर २

८. **चीनको ग्वान्जाओमा नेपालको महावाणिज्य दूतावासको स्थापना कहिले गरिएको हो ?**
✍ वि.सं. २०७४ भदौ २५ (१० सेप्टेम्बर २०१७)

९. **कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान कहाँ रहेको छ ?**
✍ जुम्ला जिल्लाको सदरमुकाम खलङ्गा
(दुर्गम एवं पिछडिएको क्षेत्रमा सहज रूपमा स्वास्थ्य सेवाको पहुँच पुर्‍याउन, स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन वि.सं. २०६८ मा यस प्रतिष्ठानको स्थापना गरिएको ।)

१०. **तीनजुरे–मिल्के–जलजलेलाई लालीगुराँसको राजधानीका रूपमा कहिले घोषणा गरिएको हो ?**



✍ वि.सं. २०५५

११. **बेल्ट एन्ड रोड साहित्यिक सञ्जालको स्थापना कहिले गरिएको हो ?**
✍ सन् २०२१ सेप्टेम्बर ७
- चिनियाँ लेखक सङ्घ संस्थापक र नेपाल प्रज्ञा–प्रतिष्ठानसमेत सह–संस्थापक रहेको बेल्ट एन्ड रोडसँग सम्बन्धित साहित्यिक संस्था 'लिटरेरी नेटवर्क अफ द बेल्ट एन्ड रोड' (बेल्ट एन्ड रोड साहित्यिक सञ्जाल) स्थापना भएको ।
- साहित्य, संस्कृति र सभ्यताको अध्ययन–अनुसन्धान, अनुवाद, प्रतिलिपि अधिकारको संरक्षण, प्रकाशन, साहित्यिक एवं सांस्कृतिक आदान–प्रदान आदि गर्ने उद्देश्यका साथ यो सञ्जाल स्थापना गरिएको ।
- बेल्ट एन्ड रोडसँग जोडिएका दर्जनौँ देशका सरकारी प्रज्ञा–प्रतिष्ठान समेटी उक्त सञ्जाल स्थापना भएको ।
- सन् २०२१ सेप्टेम्बर ७ तारिखका दिन बेइजिङमा बेविनारका माध्यमबाट आयोजित एक समारोहबीच उक्त बृहत् सञ्जाल स्थापनाको घोषणा गरिएको ।
- सञ्जालको सचिवालय बेइजिङस्थित चिनियाँ लेखक सङ्घको कार्यालयमा रहेको ।

१२. **हालै पूर्वी नेपालका विभिन्न जिल्ला समेटी रेखाङ्कन गरिएको पदमार्ग कुन हो ?**
✍ मुन्धुम पदमार्ग
- (नेपाल पर्यटन बोर्डको सहयोग तथा मैयुङ–टेम्के–साल्पा–सिलिचुङ पर्यटन प्रवर्द्धन केन्द्रको सक्रियतामा विज्ञसहितको टोलीद्वारा खोटाङ, भोजपुर, सङ्खुवासभा एवं सोलुखुम्बु क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ सो पदमार्गको अवधारणा अघि सारिएको ।)

१३. **द्रव्य शाहले गोरखा राज्यको स्थापना कहिले गरेका थिए ?**
✍ वि.सं. १६१६ भदौ २५



१४. **नेपाली साहित्यका प्रथम शहीद भनी कसलाई चिनिन्छ ?**
✍ सुब्बा कृष्णलाल अधिकारी

१५. **स्मार्ट प्रविधिको प्रयोग बढाई ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यका साथ ट्राफिक मोबाइल एपको शुभारम्भ कहिले गरियो ?**
✍ वि.सं. २०७३ वैशाख २०

१६. **मङ्गल ग्रहमा पानी रहेको तथ्य प्रस्तुत गर्ने नेपाली वैज्ञानिक लुजेन्द्र ओझा हुन् भने नयाँ ग्रह पत्ता लागेको सैद्धान्तिक आधार प्रस्तुत गर्ने नेपाली वैज्ञानिक को हुन् ?**
✍ सुमन सत्याल

१७. **नेपालको संविधान (२०७२)को कुन धारामा शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ ?**
✍ धारा ३१

१८. **नेपालको वर्तमान संविधानअनुसार प्रत्येक नागरिकलाई राज्यबाट कुन तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने व्यवस्था छ ?**
✍ आधारभूत तह

१९. **आबाल ब्रह्मचारी षडानन्द अधिकारीले भोजपुरको दिङ्लामा संस्कृत पाठशालाको स्थापना कहिले गरेका थिए ?**
✍ वि.सं. १९३२

२०. **तुलसी मेहरद्वारा जनचेतना जगाउने उद्देश्यका साथ सञ्चालन गरिएको चर्खा प्रचारमा रोक लगाउने राणा प्रधानमन्त्री को हुन् ?**
✍ भीमशमशेर

२१. **दक्षिण एसियाली राष्ट्रको सबैभन्दा ठूलो फुटबल प्रतियोगिता (साउथ एसियन फुटबल फेडरेसन–साफ) २०२१ कहिले र कहाँ आयोजना गरिएको छ ?**
✍ सन् २०२१ अक्टोबर १–१६, माले (माल्दिभ्स)

२२. **गोश्वारा हुलाक कार्यालयद्वारा काठमाडौँ उपत्यकामा घुम्ती हुलाक सेवाको सुरुवात कहिले गरिएको हो ?**
✍ वि.सं. २०७४ वैशाख १५

२३. **'बौद्धिकताको वास्तविक मुहान ज्ञान होइन, कल्पना हो' भन्ने विचारक को हुन् ?**



✍ अल्बर्ट आइन्स्टाइन

२४. **बराबर क्षेत्रफल भएका नगरपालिका धुलिखेल र बनेपा (५५ व.कि.मि.) हुन् भने बराबर क्षेत्रफल भएका गाउँपालिका कुन–कुन हुन् ?**
✍ ओखलढुङ्गा जिल्लाका चम्पादेवी र चिशङ्खुगढी (१२६.९१ व.कि.मि.)

२५. **नेपालको संविधान (२०७२) अनुसार प्रदेशको कार्यकारिणी कार्य कसको नाममा हुने प्रावधान छ ?**
✍ प्रदेश सरकार

२६. **नेपालको वर्तमान संविधानअनुसार राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासम्बन्धी अधिकार एवं अवशिष्ट अधिकारसमेतलाई के भनिन्छ ?**
✍ राज्यशक्ति

२७. **महिला र पुरुषबीच समानता कायम गर्न सार्वजनिक साधन स्रोतको न्यायोचित विनियोजन गर्ने प्रकृतिको बजेटलाई के भनी चिनिन्छ ?**
✍ लैङ्गिक बजेट
- नेपालमा आ.व. २०६४/६५ देखि लैङ्गिक बजेट लागू गरिएको ।
- महिला र पुरुषबीच समानता कायम गर्न सहयोग पुर्‍याउनु, बजेट कार्यक्रम र आयोजनाबाट महिलाको क्षमता अभिवृद्धि गर्नु, महिला र पुरुषका भिन्न–भिन्न आवश्यकतालाई भिन्न–भिन्न प्रकारले सम्बोधन गर्नु, आयोजना चक्रका सबै प्रक्रियामा महिलाको सक्रिय एवं सार्थक सहभागिता गराउनु, लाभको बाँडफाँटमा महिलाको हिस्सा वृद्धि गर्नु, सार्वजनिक स्रोतसाधनको न्यायोचित वितरण गर्नु लैङ्गिक बजेटको उद्देश्य रहेको ।

२८. **नदीमा सुन चाल्ने र माछा मारेर जीविका चलाउँदै आएका सोनाहा जातिको मुख्य बसोबास कहाँ रहेको छ ?**
✍ बर्दिया, कैलाली र कञ्चनपुर
(झन्डै एक हजार २४० को सङ्ख्यामा रहेको सोनाहा जाति सूचीकृत नहुँदा राज्यबाट पाउने सेवा सुविधाबाट वञ्चित भएको ।)

२९. **स्काइल्याब भन्नाले के बुझिन्छ ?**
✍ पृथ्वीका बारेमा विविध प्रकारका अनुसन्धान गर्न अन्तरिक्षमा स्थापित प्रयोगशाला

३०. **मानव शरीरको सबैभन्दा ठूलो ग्रन्थी कुन हो ?**
✍ कलेजो

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# सार्वजनिक वित्त व्यवस्थापन

१. **नेपालको सार्वजनिक वित्त व्यवस्थापनमा गर्नुपर्ने सुधारका क्षेत्रहरू केके हुन् ? चर्चा गर्नुहोस् ।**
✍ सार्वजनिक आय र व्ययको व्यवस्थापन गर्ने कार्य सार्वजनिक वित्त व्यवस्थापन हो । यो सरकारी वार्षिक बजेटको व्यवस्थापन गर्ने कार्य पनि हो । सार्वजनिक वित्त व्यवस्थापनमा सार्वजनिक आय र व्ययको व्यवस्थित परिचालन गर्दै उच्च, दिगो, फराकिलो आर्थिक वृद्धि हासिल गर्ने गरिन्छ । यसअन्तर्गत राजस्व परिचालन बढाउने, खर्चलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, रोजगारी सिर्जना गर्ने, राजस्वको दिगो स्रोतको व्यवस्था गर्ने, आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने कार्य पर्छन् । आर्थिक वृद्धि, आर्थिक स्थायित्व र सामाजिक न्याय कायम गर्नु यसको उद्देश्य हो । नेपालमा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धमा संवैधानिक, कानुनी, संस्थागत व्यवस्था छ । मुलुकमा तीन तहको सरकार सञ्चालनमा छ र तीनै तहको सरकारबाट सार्वजनिक वित्त व्यवस्थापनका कार्य भएका छन् र पनि नेपालको सार्वजनिक वित्त व्यवस्थापन व्यवस्थित हुन सकेको छैन । यसमा विभिन्न सुधारको आवश्यकता छ, सुधारका क्षेत्रलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

● **सार्वजनिक आय**
- सार्वजनिक आयअन्तर्गत राजस्व, विदेशी अनुदान, आन्तरिक ऋण तथा विदेशी ऋण पर्छन् । यसमा निम्न सुधार गर्नुपर्ने देखिन्छ :
- करको दर कम गरी दायरा बढाउने, सबै व्यवसाय, रोजगारी र लगानीलाई आयकरको दायरामा ल्याउने,
- मूल्य अभिवृद्धि करलाई खुद्रा तहसम्म विस्तार गर्ने, छुट सुविधा हटाउने, बजार अनुगमनमार्फत बिलबिजक लिनेदिने कार्यलाई प्रभावकारी बनाउने,
- भन्सारमा मालवस्तुको वास्तविक मूल्याङ्कन हुने वातावरण तयार गर्ने, मालवस्तुको घोषणा, वर्गीकरणलाई व्यवस्थित गर्ने, भन्सार जाँचपासलाई सरल र पारदर्शी बनाउँदै व्यापार सहजीकरणमा जोड दिने,
- अन्तःशुल्कमा भौतिक नियन्त्रण प्रणालीलाई स्वयं निष्कासन प्रणालीमा रूपान्तरण गर्ने, अभिलेख प्रणालीलाई वैज्ञानिक बनाएर अभिलेखका आधारमा नियन्त्रण गर्ने, अन्तःशुल्क प्रशासनको सुदृढीकरण गर्ने,
- कर प्रणालीलाई सरल, स्थिर, पारदर्शी, अनुमानयोग्य, आधुनिक एवं कारोबारमा आधारित बनाउने,
- दीर्घकालीन राजस्व नीतिको तर्जुमा गरी तत्कालका लागि राजस्वबाट चालू खर्च धान्ने लक्ष्य लिने र दीर्घकालका लागि राजस्व परिचालनलाई सुदृढ गर्दै वैदेशिक सहायता नलिने गरी आत्मनिर्भरताको लक्ष्य लिने, दुवै लक्ष्य प्राप्तिका लागि अल्पकालीन र दीर्घकालीन राजस्व परिचालन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने,
- विदेशी ऋण प्राप्तिभन्दा अनुदान प्राप्तिमा जोड दिने,
- अल्पकालीन विदेशी ऋणभन्दा दीर्घकालीन सहुलियतपूर्ण विदेशी ऋण परिचालनमा जोड दिने,
- जुनसुकै क्षेत्रमा जतिसुकै रकमको वैदेशिक सहायता लिने कार्य बन्द गरी वैदेशिक सहायता प्राप्तिको क्षेत्र र रकम निर्धारण गर्ने,
- सबै प्रकारको वैदेशिक सहयोगलाई राष्ट्रिय बजेट प्रणालीमा राखेर परिचालन गर्ने,
- राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थामार्फत आउने सहायताको नियमन गरी पारदर्शी बनाउने,
- वैदेशिक सहायताअन्तर्गत अनुदान नीति, ऋण नीति, राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थामार्फत सहायता परिचालन नीतिबारे स्पष्ट व्यवस्था गर्दै सहायता परिचालनको अवधि घोषणा गर्ने,
- विकास साझेदारबाट प्रतिबद्धता गरेअनुरूप सहायता प्राप्ति गर्न वार्ता क्षमता बढाउने, सहायता प्राप्तिको सुनिश्चितता भएपछि मात्र बजेटमा समावेश गर्ने, शोधभर्ना प्रणालीमा सुधार गर्दै सहायता परिचालनमा विकास साझेदारको जिम्मेवारी र जवाफदेहिताको प्रवर्द्धन गर्ने,
- स्वदेशी निजी क्षेत्रलाई असर नपर्ने गरी आन्तरिक ऋण परिचालनको नीति लिने, अल्पकालीन भन्दा दीर्घकालीन ऋण परिचालनमा जोड दिने ।

● **सार्वजनिक व्यय**
- सार्वजनिक व्ययअन्तर्गत चालू खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था पर्छन् । यसमा निम्न सुधार गर्नुपर्ने देखिन्छ :
- चालू खर्च कम गरी यसलाई निश्चित सीमाभित्र ल्याउने,
- क्षेत्रगत खर्च नीति तयार गरी खर्चलाई थप व्यवस्थित गर्ने,
- पुँजीगत खर्चको मात्रा वृद्धि गरी यसलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने,
- पुँजीगत खर्चलाई रोजगारी सिर्जना गर्ने उत्पादनशील क्षेत्रमा खर्च गरी दिगो राजस्व प्राप्ति गर्ने स्रोतका रूपमा विकास गर्ने,
- नियमित तालिमको व्यवस्था गरी खर्च क्षमता सुदृढ गर्ने,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन नियमको प्रभावकारी पालना गर्दै वित्तीय अनुशासनलाई बलियो बनाउने,
- आन्तरिक र वैदेशिक ऋण भुक्तानीका लागि नियमित रकमको व्यवस्था गरी ऋणको मात्रा घटाउँदै जाने ।

● **वित्तीय प्रशासन**
- वित्तीय प्रशासनअन्तर्गत बजेट व्यवस्थापन, आयोजना व्यवस्थापन, वित्तीय सङ्घीयता पर्छन् । यसमा निम्न सुधार गर्नुपर्ने देखिन्छ :
- कार्यान्वयन संयन्त्रको विश्लेषण गरी कार्यान्वयनयोग्य व्यावहारिक बजेट तर्जुमा गर्ने,
- बजेट तर्जुमा, निकासा, खर्च, लेखाङ्कन, प्रतिवेदनलगायतका कार्यमा सूचना प्रविधिको उच्चतम उपयोग गरी कागजरहित बजेट व्यवस्थापन प्रणाली लागू गर्ने,
- आयोजना बैङ्क स्थापना गरी आयोजना बैङ्कका आयोजनामा मात्र बजेट विनियोजन गर्ने प्रणाली स्थापित गर्ने,
- पूर्वतयारीका सबै कार्य पूरा गरेर मात्र आयोजना कार्यान्वयनमा लैजाने,
- राष्ट्रिय गौरवका आयोजना समयमै सम्पन्न गर्न छुट्टै सरल र पारदर्शी कानुन र कार्यान्वयन संरचनाको व्यवस्था गर्ने,
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट राष्ट्रिय गौरवका आयोजनाको कार्यान्वयनमा सहजीकरण, अनुगमन र नियमनको व्यवस्था गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहको बजेट प्रणाली, आयोजना व्यवस्थापन, खर्च व्यवस्थापनलगायतका विषयमा पर्याप्त समन्वय, सहकारिता तथा अन्तरनिर्भरता कायम गर्ने,
- मध्यमकालीन खर्च संरचना, आयोजना बैङ्कलाई प्रदेश र स्थानीय तहसम्म संस्थागत गर्ने,
- प्रदेश र स्थानीय तहको राजस्व क्षमता एवं खर्च आवश्यकताका आधारमा अनुदान वितरणलाई प्रभावकारी बनाउने,
- प्रदेश र स्थानीय तह क्षमता विकास गरी बजेट तर्जुमा, खर्च, राजस्व परिचालनमा बढोत्तरी ल्याउने ।

● **वित्तीय स्थायित्व**
- उच्च आर्थिक वृद्धि, आर्थिक स्थायित्वले वित्तीय स्थायित्व आउँछ । यसका लागि :



- नीति, कानुन, संस्थागत संरचना, प्रक्रियागत व्यवस्थामा सुधार गरी लगानीमैत्री वातावरण तयार गर्ने,
- स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गरेर आर्थिक वृद्धिलाई उच्च, दिगो, फराकिलो, न्यायिक एवं समावेशी बनाउने,
- अन्त्यमा सार्वजनिक वित्त व्यवस्थापन एक बहुआयामिक विषय भएकाले यसको सुधारमा बहुनिकायको भूमिका आवश्यक पर्छ । यसका लागि सरकारी, निजी, सहकारी क्षेत्र, बैङ्क तथा वित्तीय संस्थालगायत सबैबाट समन्वयात्मक पहल हुनुपर्छ ।

२. **दोहोरो करमुक्ति सम्झौताका उद्देश्यहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ एउटै वर्षमा एउटै आधारमा दुई पक्षबाट कर नलगाउने गरी अन्तर्राष्ट्रिय स्तरमा दुई देशबीच गरिने सम्झौता दोहोरो करमुक्ति सम्झौता हो । नेपालले हालसम्म भारत, पाकिस्तान, कतार, दक्षिण कोरिया, मौरिसस, नर्वे, थाइल्यान्ड, अस्ट्रिया, चीन, श्रीलङ्का र बङ्गलादेश गरी ११ विदेशी राष्ट्रसँग यस्तो सम्झौता गरेको छ । नेपालले गरेको दोहोरो करमुक्ति सम्झौताको उद्देश्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :–
- दोहोरो कर हटाउनु,
- करको दायरा फराकिलो बनाउनु,
- कर चुहावट रोक्नु,
- कर प्रणालीमा तटस्थता कायम गर्नु,
- करदाताबीच समानता ल्याउनु,
- करदाताको हक हित संरक्षण गर्नु,
- अन्तर्राष्ट्रिय कारोबार बढाउनु,
- विदेशी लगानीलाई प्रोत्साहित गर्नु,
- कर सम्बन्धमा दिने छुट सुविधा स्पष्ट पार्नु र लागू गर्नु,
- देशहरूबीच करसम्बन्धी हुने विवाद समाधान गर्नु ।

३. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का उद्देश्यहरू के के हुन ? लेख्नुहोस् ।**
✍ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा ऐनका उद्देश्यहरू प्रस्ट गरिएको छ, जुन निम्न छन् :
- नेपालको संविधानबमोजिम स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्नु,
- सङ्घ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु,
- जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नु,
- लोकतन्त्रका लाभहरूको समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्नु,
- कानुनी राज्य र दिगो विकासको अवधारणाअनुरूप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु,
- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्नु,
- स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु ।

४. **आयात निर्यात व्यापारमा भन्सार प्रशासनको भूमिकाबारे चर्चा गर्नुहोस् ।**
✍ दुई देशको सिमानामा मालवस्तु आयात निर्यात हुँदा लाग्ने महसुल असुली गर्ने निकाय भन्सार प्रशासन हो । भन्सारमा आयात निर्यात हुने मालवस्तु भन्सार लगाउने आधार हुन् भने आयात निर्यातकर्ता यसका करदाता हुन् । भन्सार प्रशासनले परम्परागत रूपमा राजस्व सङ्कलन गर्दै आएकोमा हाल आएर राजस्व सङ्कलन, व्यापार सहजीकरण तथा सीमा व्यवस्थापनको भूमिका निर्वाह गर्दै आएको छ । आयात निर्यात व्यापारमा भन्सार प्रशासनको भूमिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- आयात निर्यात व्यापारमा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र अन्य कर असुली गर्ने,
- छिटोछरितो मालवस्तु जाँचपास गरी व्यापार सहजीकरण गर्ने,
- आयात निर्यात व्यापारमा व्यावसायिक लागत कम गर्न मद्दत गर्ने,
- वैध वस्तुको सहज आपूर्तिमा सहयोग गर्ने,
- अवैध वस्तुको कडा नियन्त्रण गर्ने,
- भन्सारमा हुन सक्ने राजस्व चुहावट रोक्ने,
- लागूऔषध तथा हातहतियार ओसारपसार नियन्त्रण गर्ने,
- इमानदार यात्रुको आवागमनलाई सहज बनाउने,
- सामाजिक सुरक्षा कायम गर्न सहयोग गर्ने,
- स्वदेशी उद्योगको संरक्षण कार्यमा सहयोग गर्ने,
- सीमा व्यवस्थापनको कार्य गर्ने,
- छिमेकी भन्सार प्रशासनसँग असल सम्बन्ध कायम गर्ने,
- भन्सार ऐन नियम कार्यान्वयन गर्ने गराउने ।

५. **नेपालको संविधानबमोजिम संवैधानिक परिषद्को गठन विधि उल्लेख गर्नुहोस् ।**
✍ नेपालको संविधानको धारा २८४ मा नेपालको प्रधानन्यायाधीश, संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरू नियुक्तिको सिफारिस गर्नका लागि संवैधानिक परिषद्को गठन विधिसम्बन्धी व्यवस्था छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- (क) प्रधानमन्त्री– अध्यक्ष
- (ख) प्रधानन्यायाधीश– सदस्य
- (ग) प्रतिनिधि सभाको सभामुख– सदस्य
- (घ) राष्ट्रिय सभाको अध्यक्ष– सदस्य
- (ङ) प्रतिनिधि सभाको विपक्षी दलको नेता– सदस्य
- (च) प्रतिनिधि सभाको उपसभामुख– सदस्य,
- प्रधानन्यायाधीशको पद रिक्त भएको अवस्थामा प्रधानन्यायाधीशको नियुक्तिको सिफारिस गर्दा संवैधानिक परिषद्मा कानुन तथा न्यायमन्त्री सदस्यका रूपमा रहने,
- मुख्यसचिवले संवैधानिक परिषदको सचिव भई काम गर्ने,
- पद रिक्त हुनुभन्दा एक महिनाअगावै, मृत्यु वा राजीनामामा रिक्त भएको एक महिनाभित्र सिफारिस गर्ने ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**